मिति २०८१।१०।०६ गते आईतबारका दिन ८:०० बजे बिहान प्रदेश बीउ विजन व्यवस्थापन समितिका अध्यक्ष एवं कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडाका प्रदेश सचिव श्री विनोद कुमार भट्टराईज्यूको अध्यक्षतामा देहाय बमोजिमको समितिका सदस्य तथा आमन्त्रित सदस्यहरुको उपस्थितिमा छैटौं बैठक बसि निम्नानुसारको एजेण्डाहरु माथि छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| श्री विनोद कुमार भट्टराई | अध्यक्ष | कृषि तथा पशुपन्छी बिकास मन्त्रालय, हेटौडा |
| श्री सुधिर श्रेष्ठ | प्रमुख एवं सदस्य | कृषि विकास निर्देशनालय, हेटौडा |
| श्री डा. नेत्रहरि घिमिरे | प्रमुख एवं सदस्य | राष्ट्रिय बिउ बिज्ञान प्रविधि केन्द्र, खुमलटार, ललितपुर |
| श्री प्रकाश चन्द्र ज्ञवाली | सदस्य | नि.प्रदेश व्यवस्थापक, कृषि समाग्री कम्पनी लि.हेटौडा |
| डा. तारा बाहादुर घिमिरे | विज्ञ सदस्य | प्रदेश बिउ बिजन व्यवस्थापन समिति,हेटौडा |
| श्री अम्बिका थपालिया | सदस्य | प्रदेश बिउ बिजन व्यवस्थापन समिति,हेटौडा |
| श्री सुवास कुमार धिताल | सदस्य | प्रदेश बिउ बिजन व्यवस्थापन समिति,हेटौडा |
| श्री सुस्मिता घोरासैनी | सदस्य | प्रदेश बिउ बिजन व्यवस्थापन समिति,हेटौडा |
| श्री उमानाथ पौंडेल | सदस्य | प्रदेश बिउ बिजन व्यवस्थापन समिति, हेटौडा |
| श्री | सदस्य | प्रदेश बिउ बिजन व्यवस्थापन समिति, हेटौडा |
| श्री राजन ढकाल | सदस्य सचिव एवं प्रमुख | प्रदेश बिउ बिजन गुणस्तर नियन्त्रण केन्द्र, हेटौडा |

**आमन्त्रीत सदस्यहरु**

| | | |
|---|---|---|
| श्री सुजन कंडेल | बरिष्ठ कृषि अर्थ विज्ञ | कृषि तथा पशुपन्छी बिकास मन्त्रालय, हेटौडा |
| श्री राजेश तामाङ | कानून अधिकृत | कृषि तथा पशुपन्छी बिकास मन्त्रालय, हेटौडा |
| श्री विश्वराज बानियाँ | महासचिव | नेपाल बीउ व्यवसायी संघ केन्द्रिय कार्यसमिति |
| श्री हरिशरण अर्याल | अध्यक्ष | नेपाल बीउ व्यवसायी संघ बागमती प्रदेश कार्यसमिति |
| श्री भुवन ढुङ्गाना | बाली विकास अधिकृत | कृषि तथा पशुपन्छी बिकास मन्त्रालय, हेटौडा |
| श्री सिर्मला योन्जन | अधिकृतस्तर सातौं | प्रदेश बिउ बिजन व गुणस्तर नियन्त्रण केन्द्र, हेटौडा |
| श्री बद्रि गुरागाईं | अधिकृतस्तर छैठौं | प्रदेश बिउ बिजन व गुणस्तर नियन्त्रण केन्द्र, हेटौडा |
| श्री लक्ष्मण न्यौपाने | नायब सुब्बा | प्रदेश बिउ बिजन व गुणस्तर नियन्त्रण केन्द्र, हेटौडा |
| श्री रामकुमार अगस्ती | सहायकस्तर पाचौं | प्रदेश बिउ बिजन व गुणस्तर नियन्त्रण केन्द्र, हेटौडा |

CamScanner

**प्रस्ताव तथा निर्णयहरु**

**१.संघिय बीउ विजन ऐन तथा नियमावलीका प्रावधान अनुरुप बागमती प्रदेशको बीउ विजन सम्बन्धि कानून सामञ्जस्यिकरण सम्वन्धमा**

संघिय वीउविजन ऐन तथा नियमावलीमा प्रदेश सरकारलाई प्रदान गरिएको अधिकार तथा कार्यहरु प्रदेश सरकारले कानून बनाएर कार्यान्वियन गर्नुपर्ने विषयहरु जस्तै- मूल वीउ उत्पादन अनुमतिपत्र दिने, हाईब्रिड बीउ उत्पादन अनुमतिपत्र दिने, जातिय विकास तथा सम्वर्द्धनका लागि अनुमति, प्रदेश भित्र रहेका निजी प्रयोगशालाको रेखदेख र निरिक्षण आदी सम्बन्धमा बागमती प्रदेशको मौजुदा बीउ विजन ऐनमा सो को व्यवस्था नभएकोले यि कुराहरु लगायत अन्य आवश्यक विषयवस्तु समेटी प्रदेश बीउविजन ऐन परिमार्जन/सामञ्जस्यिकरणको लागि बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो।

**२. बीउ विजन निरिक्षक तथा बीउ विजन विश्लेषक नियुक्ति एवम् कार्यक्षेत्र सम्बन्धमा**

२.१ बीउविजन गुणस्तर नियन्त्रण केन्द्र हरिरहभवनको प.सं.०८१/८२,च.नं.६२३, मिति २०८१/०९/०३ को पत्रानुसार बीउविजन ऐन २०४५ को दफा १६ को उपदफा १६.१ बमोजिमको योग्यता पुगी राष्ट्रिय वीउविजन समितिबाट लिईएको परिक्षामा उतिर्ण भई बीउविजन निरिक्षक तथा वीउविजन विश्लेषकको अनुमति प्राप्त गरी तालिम समेत लिएका सरकारी सेवामा कार्यरत प्राविधिक कर्मचारीलाई प्रदेश सरकारबाट बीउविजन निरिक्षक नियुक्त गरी कार्य गर्ने जिल्ला र विषय तोक्ने प्रयोजनका लागि बीउविजन नियमावली २०८१ को नियम २६ को उपनियम(४) को व्यवस्था बमोजिम राष्ट्रिय बीउविजन समिति समक्ष सिफारिस गरी पठाउने प्रयोजनको लागि बागमती प्रदेश कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहतका कार्यालयहरुमा कार्यरत योग्यता पुगेका कर्मचारीहरुको विवरण संकलन गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालय मार्फत राष्ट्रिय वीउविजन समितिमा पठाउने कार्यका लागि सचिवालयलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

२.२ प्रदेश बीउ विजन गुणस्तर नियन्त्रण केन्द्र/प्रयोगशालामा काम गरिरहेका , भविष्यमा सरुवा भई आउन सक्ने र संघिय वीउविजन ऐनको दफा १६ को उपदफा १६.१ बमोजिमको योग्यता पुगी समितिको परिक्षामा सहभागि हुन नभ्याएका/नसकेका कर्मचारीहरुलाई समितिले लिने परिक्षामा सहभागी गराउनको लागि राष्ट्रिय वीउ विजन समिति समक्ष अनुरोध गर्ने निर्णय गरियो।

रंजन ढकाल
कार्यालय प्रमुख

विनोद कुमार भट्टराई
प्रदेश सचिव

CamScanner

३. स्थानिय/रैथाने जातका बीउ विजन परिक्षण सम्बन्धमा

- अन्तराष्ट्रियस्तरमा (सन्धि सम्झौता ) नेपालले जनाएको प्रतिवद्धता एवम् राष्ट्रिय नीतिहरुमा उल्लेख भए अनुसार स्थानिय कृषक/ समुदायबाट संरक्षण, सम्वर्धन तथा प्रयोग हुँदै आएका स्थानीय/रैथाने जातका बीउ विजन परिक्षणको लागि प्रदेश बीउ विजन गुणस्तर नियन्त्रण केन्द्रमा बीउ विजनको परिक्षणको लागि अनुरोध भईआएमा सो बाली/बीउहरुको उमारशक्ति परिक्षण कार्य नियमानुसारको राजश्व लिई गरिदिने निर्णय गरियो ।

४. DESES 2.0 मा सहभागिता सम्बन्धमा

- संघिय कृषि तथा पशुपन्छी विकास मन्त्रालय/बीउ विजन गुणस्तर नियन्त्रण केन्द्रबाट सन्चालन गरिएको DESES 2.0 कार्यक्रममा सहभागिता एवं कार्यान्वयनको लागि प्रदेश बीउ विजन गुणस्तर नियन्त्रण केन्द्रलाई अनुमति प्रदान गर्ने निर्णय गरियो ।

५. विविध

- संघिय सरकार/मन्त्रालय मार्फत उन्मोचन तथा दर्ता भई सूचिकृत भएका विभिन्न बालीका जातहरुको निरीक्षण, परिक्षण र प्रमाणिकरण कार्यमा सरलीरण एवं सहजता ल्याउनको लागि सो बाली/जातको सूचिकृत हुँदाको बखत उपलब्ध DUS Character सहितको Factsheet उपलब्ध गराउनको लागि राष्ट्रिय वीउ विजन समिति समक्ष अनुरोध गर्ने निर्णय गरियो।

राजन ढकाल
कार्यालय प्रमुख

विनोद कुमार भट्टराई
प्रदेश सचिव

CamScanner